# आ.व. २०८३/०८४ को दोस्रो कार्यपालिका बैठक (मिति २०८४।०५।२६ गते) मा भएको निर्णयहरुको संक्षिप्त विवरण ।

१. स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८३।०५।११ गतेको बैठकको निर्णय र मिति २०८३।०५।२४ गतेको बैठकको निर्णय नं.३ र ५ अनुमोदन गर्ने।

२. LGPAS प्रणालीमा आ.व. २०८२।०८३ को तथ्याक विवरणहरु प्रविष्टि गर्ने कार्य तोकिएका कर्मचारीहरुवाट सम्पन्न भई आएको विवरण माथि छलफल गरी आवश्यक पृष्ठपोषणका लागि २०८३ भाद्र मसान्त भित्र प्रमुख प्रशासकीय अधिकृतमार्फत जिल्ला समन्वय समिति कैलालीमा पठाउने।

३. यस जानकी गाउँपालिकाको आ.व. २०८३।०८४ को विपन्न आवास कार्यक्रम अन्तर्गत विनियोजित बजेट रकमको आधारमा तयार गरेको लागत अनुमान बमोजिम निर्माण गर्नुपर्ने १२ वटा आवासहरु छनौट समितिको अनुगमन तथा मुल्याङ्कनको आधारमा छनौट गर्ने।

४. यस गाउँपालिका अन्तर्गतका सवै वडाहरुमा सडकबत्ती, सिसि टि.भि. जडान तथा मर्मत सम्भार कार्यक्रमका लागि माग संकलन गर्ने।

५. जानकी गाउँपालिका वडा नं. ९, अमरावती कैलाली स्थित रहेको प्रहरी चौकी स्तरोन्नतिका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने।

६. विविध

क. श्री आदर्श माध्यमिक विद्यालयमा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९३ बमोजिम प्रधानाध्यापक व्यवस्थापन हुन नसकेकोले शिक्षक दरवन्दी मिलान गरी प्रधानाध्यापक व्यवस्थापन गर्ने।

ख. यस जानकी गाउँपालिकाको कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताका लागि पेश गरेको निवेदन माथि छलफल गरी आर्थिक सहायता प्रदान गर्ने।

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुर्गौली, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत